# बिहुंकोट हेल्प नेटवर्क यूकेको विधान
# २०७२
# (प्रथम संसोधन २०८० )

# Bihunkot Help Network UK
# 2015
# (First Amendment 2023)

**प्रस्तावनाः**

नेपालको बाग्लुङ जिल्ला साविक बिहुंकोट गाविस हाल काठेखोला गाउपालिका वडा नं ५ र ६ मा बसोवास गरिरहेका एवम बिहुंकोटमा जन्म वा पुर्ख्यौली घर भै हाल संयुक्त अधिराज्य युकेको विभिन्न शहरहरुमा बसोबास गरिरहेका सम्पूर्ण बिहुंकोटवासीहरु बिचको आपसी समझदारी, एकता र भातृत्व लाई अझ प्रगाढ र संगठित बनाउदै सामाजिक एवम मानव कल्याणकारी कार्य मार्फत सभ्य सुन्दर र उन्नत समाज निर्माण गर्ने उदेश्यले अभिप्रेरित भई बिहुंकोट हेल्प नेटवर्क यूके को स्थापना गरी यो विधान लागू गरिएको छ ।

## भाग १ नाम र प्रारम्भ

(१) यस संस्थाको बिधानको नाम “बिहुंकोट हेल्प नेटवर्क युकेको विधान २०७२ ” रहनेछ ।

(२) “बिहुंकोट हेल्प नेटवर्क युके” भन्नाले युकेभरी बसोबास गरिरहेका सम्पूर्ण बिहुँकोटबासी हरुको संगठित संस्थालाई जनाउँछ । यस् संस्थालाई अंग्रेजीमा Bihunkot Help Network UK छोटकरीमा BHNUK भनिनेछ ।

(३) यस संस्थाको निसानी र छाप अनुसुची १ अनुसारको हुनेछ । अंग्रेजी र नेपाली भाषा प्रयोग भएको यो निसानी छाप संस्थाको आधिरिकता प्रमाणित गर्न प्रयोग गरिने छ ।

(४) यो बिधान संस्थाका सम्पूर्ण सदस्यहरु लाई लागु हुनेछ ।

(५) यो विधान अनुसुची २ मा उल्लेखित तदर्थसमितीको पूर्ण वैठकले निर्णय गरी अनुमोदनका लागि 2015 September 20 मा साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन भए पस्चात सोही मिती देखी प्रारम्भ भएको छ ।

## भाग २ परिभाषाः

१) बिषय वा प्रसँगले अर्कोअर्थ नलागेमा:

क) “बिहुंकोट हेल्प नेटवर्क युके” भन्नाले युकेभरी बसोबास गरिरहेका सम्पूर्ण बिहुँकोटबासीहरुको संगठित संस्थालाई जनाउँछ ।

ख) “नियम” भन्नाले बिहुँकोट हेल्प नेटवर्क युकेको कार्य समितिले लागु गरेको नियमलाई जनाउनेछ । नियम साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ ।

ग) “कार्यसमिति” भन्नाले बिहुँकोट हेल्प नेटवर्क युकेमा कार्यरत व्यक्तिहरुको समुहलाई जनाउँनेछ । कार्य समिति १३ सदस्यिय हुनेछ ।

घ) “च्यारिटि” भन्नाले आधिकारिकरुपमा सरकारद्धारा मान्यता प्राप्त निकाय, जसद्धारा यस संस्थासँग आबद्ध सदस्यहरु, अन्य दाताहरु, तथा सरकारी निकायहरुद्धारा प्राप्त सहयोग तथा रकम बैधानिकरुपमा संस्थाका गतिविधिहरुमा खर्च गर्न पाउने तथा आवश्यक परेमा संबन्धित निकायद्धारा सहयोगको लागि आव्हान गर्न पाउने अधिकार सहितको संस्था बुझिने छ ।

ङ) “ट्रस्टी/ Trustee” भन्नाले च्यारिटेबल गतिविधिहरुको लागि प्रतिनिधित्व गर्ने बैधानिकरुपमा च्यारिटि कमिसनसँग दर्ता भएका जिम्मेवार सदस्यहरु भन्ने बुझिनेछ ।

च) “समिति/उप–समिति” भन्नाले विधान अनुसार कुनै कार्य गर्नका लागि गठित कुनै पनि समितिलाई बुझाउनेछ ।

छ) “पदाधिकारी” भन्नाले बिहुँकोट हेल्प नेटवर्क युकेको सदस्यपद भन्दा माथिका पदहरु अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष भन्ने बुझिनेछ ।

ज) “सल्लाहकार” भन्नाले बिहुँकोट हेल्प नेटवर्क युकेको गरिमामय पदमा सल्लाह सुझाव दिन गठित समितिको सदस्यलाई जनाउनेछ ।

झ ) “दर्ता शुल्क” भन्नाले बिहुँकोट हेल्प नेटवर्क युकेको कुनै पनि सदस्यता लिन वा चुनावी प्रकृयामा नाम दर्ता गर्दा लाग्ने दस्तुरलाई जनाउनेछ । सम्पूर्ण पदाधिकारीहरुको पद अनुसार निर्वाचन समितिले दस्तुर लिनेछ । अध्यक्ष पदको लागि १५० पाउण्ड, उपाध्यक्ष र महासचीव पदको लागि १२५ पाउण्ड, सचीव र कोषाध्यक्ष पदको लागि ७५ पाउण्ड र सदस्य पदको लागि ५० पाउण्ड लाग्नेछ ।

ञ) “साधारणसभा” भन्नाले बिहुँकोट हेल्प नेटवर्क युकेको साधारण सदस्यहरु समेतको सभालाई बुझाउने छ ।

## भाग ३ लक्ष्य र उदेश्य

(६) लक्ष्य - शिक्षित, विकसित र समृद्ध समाजको निर्माण संस्थाको लक्ष्य हुनेछ ।

(७) कार्यक्षेत्र - यस संस्थाको कार्यक्षेत्र शिक्षा, स्वास्थ्य, सांस्कृतिक प्रवर्धन, प्राकृतिक विपत्तीको प्रभाब न्युनिकरण एवम लक्षित क्षेत्र र समुदायको जीवनस्तर बृद्दीको लागि कार्य गर्नु हुनेछ ।

(८) लक्षित समुदाय - यो संस्था गठन हुँदाका बखत कायम भएको बिहुँकोट गाऊ बिकास समितिका सम्पूर्ण वासिन्दाहरु यस संस्थाका लक्षित समुदाय हुनेछन ।

(९) उदेश्य

क) बिहुँकोटमा शिक्षा, स्वास्थ्य र संचार क्षेत्रको उन्नती र बिकासका लागि कार्य गर्ने ।

ख) बिहुँकोटमा भौतिक बिकासका कार्य गर्ने

ग) बिहुँकोटमा रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रको बिकासका लागि कार्य गर्ने ।

घ) बिहुँकोटमा सामाजिक जागरणका लागि कार्य गर्ने ।

ङ) बिहुँकोट पुर्ख्यौली घर भई संसार भर रहेका सम्पूर्ण बिहुँकोटेहरु विच समन्वय गर्ने ।

च) प्रवासबाट गाउको सर्वाङ्गिण बिकासका लागि संभावित क्षेत्र पहिचान गरी श्रोतको एकीकृत प्रयोग र परिचालनका लागि सन्जाल निर्माण गर्ने ।

छ) प्रबासमा रहेका गाऊबासीको विचमा समन्वय र सहयोग आदान प्रदान गर्ने ।

**भाग ४ सदस्यता**

१०) सदस्यताका प्रकार

संस्थामा देहाय बमोजिमका सदस्य रहने छन ।

क ) साधारण

ख ) युवा

ग ) सन्जाल सहकर्मि र

घ) सम्मानित

११) सदस्यताको लागि योग्यता

१) साधारण

क) बिहुँकोटमा जन्म भै, बसोबास भै वा पुर्ख्यौली घर भै हाल संयुक्त अधिराज्यमा स्थायी बसोबास भएको ।

ख ) १८ बर्ष उमेर पुगेको

ग) कुनै कानुनले सामाजिक वा परोपकारी संस्थाको सदस्यताका लागि अयोग्य नठहरिएको ।

२)युवा

क) यस विधानको दफा (४) १ ख बाहेक साधारण  सदस्यताको लागि सवै योग्यता पुगेको

ख) १२ वर्ष पूरा भै १८ वर्ष ननाघेको

३) सन्जाल सहकर्मि

क) बिहुँकोटमा बसोबास भै वा पुर्ख्यौली थलो बिहुँकोट भै हाल नेपाल र संयुक्त अधिराज्य बाहेक कूनै पनि देशमा स्थायी बसोबास भएको ।

ख) बिहुँकोट हेल्प नेटवर्क युकेको अन्तर्देशिय सन्जालमा संलग्न भै जन्मभुमी प्रतिको दायित्वलाई संगठित रुपमा निभाउन इच्छुक

ग)  १८ वर्ष उमेर पुगेको

घ) कूनै कानुनले सामाजिक वा परोपकारी संस्थाको सदस्यताका लागि अयोग्य नठहरिएको

४) सम्मानित

क) बिहुँकोटसँगको सम्वन्ध नभय पनि यो संस्थाको अभियानमा सहभागी बन्न इच्छुक उमेर पुगेका नेपाली तथा विदेशीहरुलाई तोकिएको शुल्क लिई सम्मानित सदस्यता प्रदान गर्न सकिने छ ।

१२) संस्थाको कार्यकारीणी समितिले सदस्यता शुल्क तथा  सदस्यता प्राप्त  गर्ने कार्यविधी तय गर्नेछ ।

१३) संस्थाको उदेश्य विपरितको आचरण गरेको प्रमाणित भएमा संस्थाको कार्यकारीणी समितीले सदस्यता खारेज गर्न सक्नेछ

१४) सदस्यता अपिल समिती

क ) सदस्यताको लागि प्राप्त आवेदन उपरको कारवाही तथा सदस्यताको खारेजीको निर्णय संवन्धमा कार्यकारीणी समितीको निर्णय चीत्त नबुझेमा यस्तो निर्णयको विरुद्धमा अपिल गर्न सकिने छ ।

ख) यस्तो अपिलको सुनुवाईका लागि संस्थाको साधारण सभाले तीन सदस्यिय स्वतन्त्र समिती गठन गर्नेछ ।

ग) सदस्यता विवादको संवन्धमा यो अपिल समितीको निर्णय अन्तिम हुनेछ ।

## भाग ५ कोष तथा आर्थिक प्रशासन

१५) यो संस्थाको उदेश्य तथा लक्ष्य प्राप्तिको लागि संस्थासँग चालु तथा अक्षय गरी दुई प्रकारको कोष हुनेछ ।

१६) संस्थाको अक्षय कोषमा सदस्यता शुल्कबाट आएको रकमको ५० प्रतिशत र संस्थाले बेला बेलामा निर्णय गरी जम्मा गरेको रकम र त्यस वाट आउने ब्याजको रकम हुनेछ ।

१७) अक्षय कोषको रकम विशेष परिस्थितीमा वाहेक खर्च गरिने छैन संस्थाको गतिविधी वा कार्य वा कार्यालय आदिको सन्चालनमा यो कोष खर्च गर्न पाइने छैन ।

१८) संस्थाको साधारण कोषमा संस्था सदस्यता वापत प्राप्त रकमको ५० प्रतिशत अनी संस्थालाई प्राप्त हुने सहयोग तथा दैनिक गतिविधिबाट प्राप्त हुने रकम र त्यसवाट आउने व्याजको रकम हुनेछ

१९) कुनै विपत्ती वा तत्कालिक् परिस्थितीको सामना गर्न विशेष कोष आवश्यक भएमा संस्थाले विशेष निर्णय गरी कोष खडा गर्न सक्नेछ । यस्तो कोषको प्रयोग सोही प्रयोजनका लागि मात्र गरिने छ ।

२०) संस्थाको खर्च गर्ने विधी साधारण सभाले तय गर्नेछ । साधारण सभाले प्रत्येक वर्षको कार्यक्रमको रुपरेखा र वजेट पारित गर्नेछ । संस्थाको कार्यकारीणी समितिले साधारण सभाको निर्णयको यसै विधान अनुसार कार्यान्वियन गर्ने छ ।

२१) संस्थाको वार्षिक आय व्ययको विवरण अख्तियार प्राप्त चार्टर अकाउन्टेन्ट बाट विधी पुर्वक प्रामाणित भै साधारण सभाबाट पारीत गरिनु पर्दछ । यस प्रयोजनका लागि खर्च र आय व्ययको विवरण साधारण सभाका सदस्यहरुलाई साधारण सभाले तय गरेको विधी अनुसार कमसेकम १ हप्ता पहिले उपलव्ध गराउनु पर्नेछ ।

२२) दफा २० मा भनिए अनुसार रुजु हुन नसकेको रकम बेरुजु ठहर्ने छ । यस्तो बेरुजु रकम संस्थाको बैंक खातामा हस्ताक्षर गर्न अनुमती प्राप्त पदाधिकारी तथा अधिकारीबाट संस्थाको बाँकी सरह असुल उपर गरी संस्थाको कोषमा जम्मा गरिने छ ।

यस्तो रकममा निकाशा भएको मितिले नेपालमा भएमा नेपाल राष्ट्र बैंकको तथा संयुक्त अधिराज्यमा भएमा बैंक अफ इङ्ल्यान्डको रकम निकाशा हुँदाका वखतको चालु ब्याजदरमा अतिरिक्त थप ५ प्रतिशत ब्याज दर कायम गरी सावाँ ब्याज असुल गरिने छ ।

२३) संस्थाको कोष तथा आर्थिक गतिविधी कानुन अनुकुल बैंक तथा वित्तिय संस्था मार्फत हुनेछ संस्थाको बैंक खाता कार्यकारीणी समितिको सभापति, महासचिव र कोषाध्यक्ष मध्य दुइ जनाको हस्ताक्षर हुनेगरी संचालन गरिने छ । रकम निकाशाका लागि अध्यक्षको पुर्व स्वीकृती तथा कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

## भाग ६ साँगठनिक सँरचना

२४) साधारण सभा

क) साधारण सभा यस संस्थाको सवै भन्दा माथिल्लो निकाय हुनेछ ।

ख) साधारण सभाको बैठक प्रत्येक बर्ष बस्नेछ ।

ग) संस्थाको साधारण सदस्य मात्र साधारण सभाको पूर्ण सदस्य हुनेछन ।

घ) संस्थाको साधारण सदस्य बाहेकका अन्य सदस्यहरु आमन्त्रित सदस्य हुनेछन ।

ङ) साधारण सभाले संस्थाको निती कार्यक्रम र बजेट निर्माण गर्नेछ ।

च) साधारण सभाले कार्यकारीणी समितिले साधारण सभाले निर्देशन गरेको कार्य गरे नगरेको मुल्याङ्कन गरी अनुमोदन गर्नेछ । साधारण सभाबाट अनुमोदित हुनुपर्ने भनि तोकिएको कार्य वा बिषय यो विधान अनुसार अनुमोदन हुन नसकेमा त्यसमा खर्च भएको रकम बेरुजु ठहर्ने छ । उक्त बेरुजु दफा २१ अनुसार फर्स्यौट गरिने छ ।

छ) कार्यसमितीको सभापतिले साधारण सभाको सभापतित्व गर्नेछन ।

ज ) साधारण सभाका २५ प्रतिशत सदस्यहरुले कुनै खास बिषयमा आवश्यकता औँल्याइ साधारण सभाको तत्काल बैठकको लागि आवेदन गर्न सक्ने छन । यस्तो आवेदन प्राप्त भएमा एक महिना भित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ ।

नोट : २५ प्रतिशत भन्नाले यस अगाडिको साधारण सभामा कायम भएको साधारण सदस्य संख्याको २५ प्रतिशत भन्ने बुझिन्छ ।

२५) कार्यसमिती

क) संस्थाको व्यवस्थित कार्य सम्पादनको लागि तल लेखिए अनुसारको पद विभाजन तथा कार्य समितिको गठन हुनेछ ।

पद संख्या

अध्यक्ष -१

वरिश्ठ उपाध्यक्ष -१

उपाध्यक्ष -२

महासचिव-१

सचिव -१

कोषाध्यक्ष -१

सदस्यहरु- ६

जम्मा १३

ख) संस्था संचालनको लागि आवश्यक सुझाव र सल्लाहका लागि कार्यसमितीले सल्लाहकार नियुक्त गर्नेछ । सल्लाहकारको संख्या आवश्यकता अनुसार हुनेछ ।

ग) कार्यकारीणी समितिको निर्वाचन प्रत्येक २ बर्षमा साधारण सभाले गर्नेछ ।

घ) कार्यसमितीको निर्वाचनका लागि साधारण सभाले उमेद्वार मध्य सवै भन्दा बढी मत ल्याउने निर्वाचित हुनेगरी निर्वाचन निर्देशिका र निर्वाचन आयोगको गठन गर्नेछ ।

ङ) कार्यसमितीको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्यको काम कर्तव्यर अधिकार सामाजिक संस्थाको सामान्य प्रचलन अनुसार हुनेगरी कार्यसमितीले तोके अनुसार हुनेछ ।

च) ट्रस्टी बोर्डको सल्लाहमा कार्यसमितिले विभिन्न गतिविधि र कार्यसम्पादनका लागि विभाग आवश्यक विभाग गठन गर्न सक्नेछ ।

२६) ट्रश्टीजको चयन, काम, कर्तव्य, अधिकार र अवधिः

क) साधारण सभाले बिषय विज्ञताका आधारमा बढीमा ३ सदस्यिय ट्रश्टी बोर्डको चयन गर्नेछ ।

ख) ट्रश्टीजको बैठक संचालन गर्न, अन्य गैर सरकारि संस्थाहरुसँग समन्वय गर्न र ट्रस्टि कमिसनसँग समन्वय गर्न यी ट्रस्टिज मध्येबाट बोर्डले एकजनालाई ट्रश्टी बोर्डको संयोजक नियुत्तिफ् गर्नेछ ।

(ग) संस्थाका अध्यक्ष लगायत कार्यकारिणी पदाधिकारिहरु ट्रस्टी समितिमा दर्ता नभए पनि ट्रस्टी सरह जीम्मेवार एवं जावपफ् देहि रहनेछन र संस्थाको आर्थिक व्यवस्थापन सम्बन्धि विषयहरुमा ट्रश्टीसँग प्रत्यक्षरुपमा सम्पर्क तथा समन्वय गरी कार्यान्वयनमा सहजिकरण गर्नु पर्नेछ । ट्रस्टी बोर्डले सम्पूर्ण गतिविधिहरुमा कार्यसमितिसँग समन्वय गरी वार्षिक प्रतिवेदन तयार पारी लेखा एवं अभिलेखको प्रतिवेदन च्यारिटि कमिसनमा र संस्था दुवैमा अधावधिक (अपटुडेट) गर्नु पर्नेछ ।

(घ) विशेष परिस्थितिमा, कार्यसमिति कार्यान्वयनमा नरहेको र कार्यसमिति बन्न अनुकुल अवस्था नरहेसम्मको अवस्थामा ट्रश्टीहरुबाटै कार्यसमितिको नियमित कार्यहरु सुचारु गर्दै नयाँ कार्यसमितिको निर्माण प्रकृया पूरा गरी कार्यभार हस्तान्तरण गर्नेछ । संस्थामा कुनै विवाद र समस्या आएमा त्यसको समाधान गर्न समन्वयकारि भूमिका निर्वाह गर्नेछ ।

(ङ) ट्रस्टिहरुको कार्यावधि सामान्यतया ४ वर्षको हुनेछ तर विद्यमान ट्रश्टीहरुलाई फेरवदल गर्नु पर्ने आवश्यकता नरहेमा निरन्तर रुपमा ट्रस्टिकै रुपमा काम गर्नेछन जसलाई साधारण सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

(च) ट्रस्टि सदस्यताबाट पदमुत्तफ्: बिहुँकोट हेल्प नेटवर्कको सदस्यता नरहेमा, राजीनामा दिएमा र उक्त राजीनामा स्वीकृत भएमा, चार वर्षको कार्यकाल समाप्त भई पून चयन नभएमा, च्यारिटिको नीति र संस्थाको हित विपरित काम गरी कार्वाहिमा परेमा ।

२७) अविश्वासको प्रस्ताव

क) साधारण सभाका सदस्यहरुले यस विधानको दफा २४ (ज) अनुसार साधारण सभाको वैठक बोलाई कार्यकारीणी समिती समितिको सभापति वा अन्य पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएमा र त्यस्तो प्रस्ताव साधारण सभाको बहुमतले पारीत भएमा अविश्वास गरिएको पद रिक्त हुनेछ ।

ख) समिती वा समितिको अध्यक्षको विरुद्ध यस्तो प्रस्ताव पास भएमा भने सम्पूर्ण समिती नै भंग हुनेछ ।

ग) अविश्वासको प्रस्ताव द्वारा समिती खारेज भएमा अर्को साधारण सभाको वैठक सम्मका लागि वरिश्ठ उपाध्यक्षको संयोजकत्वमा बाँकी पदाधिकारी र सदस्य यथावत रहने गरी १२ सदस्यिय काम चलाऊ समिती स्वत: सकृय हुनेछ ।

२८) पद रिक्त हुने अवस्था

क) दफा २७ अनुसार अविश्वासको प्रस्ताव पास भएमा

ख) पदाधिकारी र सदस्यहरुले अध्यक्षलाई र अध्यक्षले वरिश्ठ उपाध्यक्ष लाई राजिनामा दिई समितिले राजिनामा स्विकृत गरेमा ।

ग) सन्वन्धित व्यक्तिको मृत्यु भएमा ।

घ) अन्य कारणले अयोग्य ठहरिएमा ।

२९) पदपुर्ती

दफा २८ अनुसार कुनै पद रिक्त भएमा निर्वाचित भएको विधी अनुसार एक वर्ष भित्रै पद पुर्ती गर्नु पर्नेछ ।

## भाग ७) व्याख्या तथा खारेजी

३०) अदालत को व्याख्या अन्तिम हुने

यस विधानको क्षेत्राधिकार भित्रको कुनै विवादका संवन्धमा यस विधानको अन्तिम व्याख्या सन्वन्धित देशको प्रचलित कानुनले तोकेको अधिकारी वा अड्डा अदालत हुनेछ । यस व्याख्या नै अन्तिम व्याख्या हुनेछ ।

३१) स्वत: खारेज हुने

यो विधानको कुनै व्यवस्था नेपाल तथा संयुक्त अधिराज्यको कानुन सँग वाझिएको पाइएमा बाझिएको हद सम्म स्वत: खारेज हुनेछ ।

३२) आन्तरिक व्यवस्था गर्न सकिने

दफा २८ मा जे लेखिएपनि विधानको प्रारम्भिक व्याख्याको प्रयोजनका लागि तथा कार्यान्वयनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## भाग ८ विविध

३३) संसोधन

यो विधान साधारण सभाको दुई तिहाइ मत द्वारा संसोधन गर्न सकिने छ ।

३४) नियम बनाउन सकिने

यस् विधानको अधिनमा रही विधानको कार्यान्वयनका लागि कार्यकारीणी समितीले आवश्यक नियम निर्देशनहरु बनाइ लागु गर्न सक्नेछ । यस्ता नियमहरु एक वर्ष भित्र साधारण सभाको बैठकबाट अनुमोदित हुनु पर्नेछ ।

## अनुसुची १ संस्थाको चिन्ह तथा छाप

(दफा ३ बमोजिम)

## अनुसुची २ तदर्थ समिति

बिहुँकोट हेल्प नेटवर्क युकेको स्थापना गर्दा संस्थाको विधान बनाइ साधारण सभामा अनुमोदनका लागि प्रस्तुत गर्ने तदर्थ समिति (दफा ५ बमोजिम)

संयोजक: दयानिधि सापकोटा

महासचिव: गंगा प्रसाद कंडेल

कोषाध्यक्ष : शिव कंडेल

सदस्य: शेखर कंडेल

सदस्य: नारायण दत्त कंडेल

सदस्य: प्रेम प्रसाद कंडेल

सदस्य: राजन कंडेल

सदस्य: राम प्रसाद कंडेल

सदस्य: जुना निउरे सापकोटा

सदस्य: केशब  कंडेल

सदस्य: भिम प्रसाद कंडेल

**प्रथम संसोधन मिति 07/08/2023 Monday**